# लालझाडी गाँउपालिका

## हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९


# लालझाडी गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

शंकरपुर कन्चनपुर

प्रस्तावना :

मुलुकमा खाद्यान, तरकारी, फलफुल, नगदेवाली तथा पशुपंक्षी लगायत विभिन्न कृषी उपजहरुको माग तथा उत्पादनमा उल्लेखनिय बृद्धि हुँदै आएको छ । कृषकहरुलाई स्थानीय उत्पादन बृद्धिमा अझ बढी हौसला प्रदान गर्नको लागि उत्पादित कृषि उपजहरुको सरल तरिकाले विक्री वितरणको व्यवस्था मिलाउन बजार प्रंणालिको विकस गर्न अत्यन्त जरुरी रहेको हुन्छ । कृषकहरुबाट उत्पादीत कृषी उपजहरुबाट कृषक, व्यपारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ हाट बजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणलिको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ञ, (२) को व्यवस्था कार्यान्वियन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ जारी गरिएको छ ।

## परिच्छेद –१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्देशिका लागु हुने ठाउँ : सरकारी तथा गैर सरकारी, निजि तथा सहकारी क्षेत्रको सकृय सहभागीतामा लालझाडी गाउँपालिकाको सबै वडाका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने हाट बजार स्थल ।

३. परिभाषा

क) "गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ग) "निर्देशिका" भन्नाले हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिमका, २०७९ सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च) "शाखा" भन्नाले गाउँपालिकाको उद्योग बाणिज्य, कृषी तथा पशु विकास शाखा सम्झनु पर्छ ।

छ) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित "हाट बजार सञ्चालन समिति" सम्झनु पर्छ ।

ज) "हाट बजार" भन्नाले फलफुल, तरकारी, तेलहन, दलहन तथा माछा, कुखुरा जस्ता ताजा वा नाशवान वस्तु वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तु तथा औद्योगिक उत्पादन बस्तुको खरिद विक्रि सम्बन्धि कृयाकलाप गर्न यस निर्देशिका बमोजिम सञ्चालन गरिने स्थान सम्झनु पर्छ ।

झ) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ ।

ञ) "कृषी वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित तेलहन, दलहन, मसला वाली, फलफुल, तरकारी, तथा माछा मासु जस्ता वा नाशवान वस्तु तथा "पशु वस्तु" भन्नाले जिवित पशुपंछी तथा पशुजन्य उत्पादन पदार्थलाई सम्झनु पर्दछ ।

ट) "औद्योगिक उत्पादन बस्तु" भन्नाले उत्पादन मुलक ब्यवसायबाट उत्पादन भएको बस्तु सम्झनु पर्छ ।

ठ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

ड) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ । र सो शब्दले अध्यक्षलाई समेत जनाउनेछ ।

ढ) "सेवा शुल्क" भन्नाले हाट बजारमा उपलब्ध गराइएको सेवा र सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क,प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतका भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

ण) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

त) "सम्झौता" भन्नाले स्थानीय सरकारको तर्फका प्रतिनिधि तथा सम्बन्धित बजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता वीच गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

निर्मल राना
अध्यक्ष

परिच्छेद –२

समितिको गठन, काम, कर्तव्य र अधिकार

४. हाट बजार सञ्चालक समितिको गठन :

(१) हाट बजार सञ्चालक समितिका ११ सदस्य हुनेछ जुन सर्वसम्मत वा लोकतान्त्रिक निर्वाचन प्रणालीबाट निम्न बमोजिम छनौट हुनेछ

| | |
|---|---|
| क) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी मध्येबाट अध्यक्ष | –१जना |
| ख) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषकहरुमध्ये बाट सदस्य | –३जना |
| ग) हाट ब्रजार स्थल सेवा पुग्ने क्षेत्रका कृषी उपज व्यपारीहरु मध्ये सदस्य | –१जना |
| घ) सम्बन्धित वडाको वडा समितिबाट सदस्य | –१जना |
| ङ) सम्बन्धित स्थानीय तहको कृषि र पशुसेवा शाखा प्रमुख सदस्य | –२ जना |
| च) सम्बन्धित स्थानीय तहको उद्योग तथा बाणिज्य शाखा प्रमुख सदस्य | –१ जना |
| छ) हाट बजार स्थलको सेवा पुग्ने बजार क्षेत्रका व्यापारी मध्ये सदस्य | –१ जना |
| ज) सम्बन्धित हाट बजार व्यवस्थापक सदस्य सचिव | –१ जना |
| जम्मा सदस्य संख्या | –११ जना |

तर कुनै संगठित संस्था, समुह तथा सहकारी संस्थाद्धारा हाट बजार सञ्चालन गर्न चाहेमा सञ्चालक समितिमा परिच्छेद –२ को दफा ४ को (१) क,ख,ग मा उक्त संस्थाको तर्फबाट इच्छुक तथा क्षमतावान र कृयाशील ६ जना प्रतिनिधि छनौट गर्न सकिने र निजी संस्था वा व्यक्ती मार्फत सञ्चालन हुने हाट बजारको हकमा बजार सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी निज स्वंयको हुनेछ।

(२) उपदफा (१) को समितिको अध्यक्ष, कृषक प्रतिनिधि र व्यवसाय प्रतिनिधिको चयन सर्वसम्मति वा लोकतन्त्रिक प्रणालिबाट गरिनेछ।

(३) उपदफा(१)बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक (सदस्य सचिव), तथा कृषि, पशुसेवा र उद्योग बाणिज्य शाखाको प्रतिनिधि बाहेकको सदस्यहरुलाई मात्र मताधिकार हुनेछ।

(४) सदस्यहरुको पदावधि २ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्ने छन्।

(५) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघ संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ।

(६) एक पटक समिति बनि सके पछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा व्यवस्थापक समितिको सिफारिसका आधारमा स्थानीय तहले थपघट गर्नेछ।

५. सदस्यहरुको योग्यता : (१) हाट बजार सञ्चालक समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेका व्यक्ती हुनु पर्दछ।

क) नेपालि नागरिक

ख) २० वर्ष उमेर पुगेको

ग) बजार स्थलको कार्य क्षेत्रभित्र वसोवास गरेको

घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाण्ति नभएको

ङ) मगज नविग्रेको

च) अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको ५ वर्ष पुरा भएको

छ) बजारको कोष वा सम्पति अपचलन गरेको प्रमाणित नभएको।

६. समितिको काम, कर्तव्य र अधिकार :

(१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पुरा गर्न हाट बजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मकरुपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ।

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ।

क) बजार व्यवस्थापनको सम्बन्धमा निति निर्धाण गर्ने तथा सो को कार्यान्वयन गर्ने।

ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुर्याउने।

ग) बजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने।

घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ती विशेषको निमित बजार सुविधा उपलब्ध गराउने।



निर्मल राना

ङ) बजारमा सुविधाहरु उपलब्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्बन्धित व्यक्ती वा निकायबाट त्यस्तो सेवा शुल्क असुल गर्ने ।

च) बजार सञ्चालन सम्बन्धि कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

छ) बजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

ज) बजार स्थलको मर्मत सम्भार तथा संरक्षण गर्ने

झ) बजार सञ्चालन व्यवस्था सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

७. समितिको बैठक र निर्णय :

क) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एकपटक अनिवार्यरुपमा पर्नेछ ।

ख) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

घ) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तीले निर्णयात्मक मत दिन सक्ने छ ।

ङ) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

च) समितिको वैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारणगरे बमोजिम हुनेछ ।

८. उप-समितिको गठन गर्ने सक्ने : समितिले आफ्नो कार्य सञ्चालनमा सघाउ पुर्याउन उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्बन्धि कार्यविधि समितिले निर्धार ण गरे बमोजिम हुनेछ ।

९. समितिको कोष : समितिको एउटा छुट्टै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहनेछन र समितिको सवै खर्च सो कोषबाट व्यहोरिनेछः

क) सेवा शुल्क वापत प्राप्त रकम र

ख) विभिन्न व्यक्ती वा संघसंस्थाबाट प्राप्त रकम र

ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुन साथै नबिल बैंक लिमिटेड चान्देवमा खाता खोलि जम्मा गर्नु पर्ने छ ।

(३) विदेशी सरकार वा अन्तर राष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नपाल सराकरको पूर्व स्वीकृती लिनु पर्ने छ ।

(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तर राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) समितिको कोषको सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

१०. कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्थाः

१. कोषमा जम्मा भएको सेवा शुल्कबाट प्राप्त रकम मध्येबाट अधिकांश रकम बजार स्थल नियमित रुपमा सञ्चालन गर्न (कर्मचारी तलव, भत्ता, बैठक भत्ता, विजुली, पानी, टेलिफोन,चियापन तथा अन्य भैपरी खर्च आदि) तथा बजार स्थल निमार्ण, सुधार, मर्मत, सम्भार कार्यका लागि समितिले खर्च गर्न सक्ने छ । बजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एक मुष्ट रुपले जग्गा उपलब्ध गराए वापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्नेछ ।

२. बजार स्थलमा प्राप्त हुने आयबाट निम्न अनुसार वचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । बजारले कुल आयको ९० प्रतिशत रकम दैनिक बजार सञ्चालन तथा मर्मत सम्भार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनाको लागि वचाई राख्ने ।

११. लेखा र लेखा परिक्षणः (१) समितिको आय व्यायको लेखा सञ्चालक समितिले तोकेको ढाँचामा रखिने छ ।

२. समितिको लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट गरिने छ ।

३. नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जचाउन सक्नेछ ।

१२. बजार व्यवस्थापकको नियुक्ती :

(१) दैनिक प्रशासकीय एवं बजार सञ्चालन, सूचना र तोकिएका अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुतm गर्ने छ।

२. बजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

१३. बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकारः बजार व्यवस्थापनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने। ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने

ग) बजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालिन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने।

घ) बजार विकास संग सम्बन्धित विभिन्न निकायहरु संग समन्वय राखी कार्य गर्ने।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने।

१४. समितिको कर्मचारीः समितिको कार्य सञ्चालनको निमित समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आशिंक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ।

१५. समितिको कार्यालयः समितिको कार्यालय संभव भए सम्म बजार स्थल क्षेत्र भित्र रहने छ।

१६. कारोवार गर्ने वस्तुमा थपघटः तोकिए बजार भित्र कारोवार गरिने वस्तुको कारोवारमा थपघट गर्नु परेमा स्थानीय तहको सिफारिसमा समितिले थपघट गर्न सक्ने छ।

१७. अधिकार प्रत्यायोजनः समितिले आवश्यकता अनुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्योजन गर्न सक्नेछ।

१८. प्रतिवेदन पेश गर्नु पर्नेः समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफुले गरेको काम, बजारमा क्रयविक्रय भएको वस्तुको विद्यमान मूल्य, खरीद विक्रि परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरि बार्षिक प्रतिवेदन गाँउपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

१९. बजारको स्वामित्व : यो समिति गठन पश्चातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व स्थानीय सरकारमा रहने छ। समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन।

२०. सम्झौता पत्रको व्यवस्था र मान्यता : बजार सञ्चालनको लागि समिति र स्थानीय सरकारको सम्बन्धि निकाय वीचमा सम्झौता अनुसुची १ अनुसार हुनेछ। उक्त सम्झौता पत्रमा सम्बन्धित पक्षको अधिकार र कर्तव्य उल्लेख हुनेछ।

## परिच्छेद –३ बजार सञ्चालन प्रकृया

२१. बजार सञ्चालन गर्न सक्ने :

(१) यस निर्देशिका बमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनैपनी निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले गाउँपालिका क्षेत्रभित्र हाट बजार सञ्चालन गर्न सकनेछ। तर निज संस्थाले सञ्चालन गर्ने हाट बजारको हकमा एक निजी संस्थाले नगरको क्षेत्रभित्र एक भन्दा बढी हाट बजार सञ्चालन गर्न पाउने छैन।

२२. इजाजत पत्र दर्ता तथा नविकरण : (१) बजार सञ्चालन गर्न इच्छुक संस्थाले गाउँपालिका क्षेत्रभित्र हाट बजार सञ्चालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ।

(२) स्वीकृतिको लागि सञ्चालकले अनुसुची ६ बमोजिमका कागजात सहित गाउँपालिकाको सम्बन्धित वडा मार्फत उद्योग तथा बाणिज्य शाखामा निवेदन र सञ्चालन प्रस्ताव पेश गर्नुपर्नेछ।

(३) प्रस्तावले परिच्छेद ४ बमोजिम मापदण्ड तथा शर्तहरु पुरा गरिएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले हाट बजार सञ्चालन स्वीकृती दिन सकनेछ।

(४) प्रत्येक वर्ष हाट बजार सञ्चालक समितिले इजाजत पत्र नविकरण गर्नुपर्नेछ। नविकरण गर्दा समितिले अनुसुची ७ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहितको निवेदन शाखामा पेश गरि गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको बमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ।

## परिच्छेद –४ बजार निर्माण मापदण्ड



निर्मल राना
अध्यक्ष

२३. सञ्चालन स्थान र जग्गा : (१) बजार सञ्चालन गर्न इच्छुक संस्थाले न्यूनतम ५ कठ्ठा जग्गा उपलब्ध गराउनुपर्नेछ। तर गाउँपालिका तथा अन्य सरकारी,गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्नको लागि न्यूनतम १० कठ्ठा १० वर्ष अवधिका लागि जग्गा भाडामा सम्बन्धी करारनामा पत्र उपलब्ध गराउनुपर्नेछ।

(२) एक हाट बजार देखि अर्को हाट बजार बीचको दुरी कम्तिमा १ कि.मि. हुनुपर्नेछ।

(३) हाट बजार राजमार्गबाट कम्तीमा २०० मि. र मुख्य सडक (हुलाकी, हिंगरोड र लिक रोड) भन्दा कम्तीमा १०० मि. दुरी टाढा अवस्थित हुनुपर्नेछ।

(४) बजार विमानस्थल वा सामुदायिक वन वा मध्यवर्ती क्षेत्रको आसपासमा सञ्चालन गनुपर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२४. भौतिक संरचना : (१) हाट बजार तोकिएको मापदण्डको अधिनमा रहि निर्माण गर्नुपर्नेछ। हाट बजार परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाइनेछैन।

(२) हाट निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलाम,सिमेन्टको पिलर र सि.जि.आई. छाना लगाउनु पर्नेछ।

(३) हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनुपर्नेछ।

(४) हाट बजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ।

(थ) हाटबजारको प्रत्येक स्थल तथा संरचना र खुल्ला क्षेत्रमा विधुत तथा उज्यालोको लागि विजुली बतीको प्रबन्ध मिलाउनपर्नेछ।

(६) हाट बजारको संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नुपर्नेछ।

(७) फोहरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण :

क) हाट बजारको फोहरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको समितिले गर्नुपर्नेछ।

ख) हाट बजार सञ्चालनको क्रममा निस्किने कुहिने र नकुहिने फोहरको अलग अलग संकलनको लागि १० स्टल बराबर ४० लि. क्षमता भएको ढकन सहितको अलग अलग बिनको व्यवस्था गर्नुपर्नेछ।

ग) हाट बजार क्षेत्रभित्र होहल्ला र प्रदुषण, ध्वनी, वायु, माटो, जल, आदि) गराउन पाइने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस वा राख्न पाईने छैन।

घ) हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेछ।

२५. वस्तु तथा सामग्रीहरुको व्यवस्थापन :

(१) हाट बजारमा बिक्रि वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुडा, ठेला प्रयोग गरि रखिने वस्तुहरु (फलफुल, खाजा, पक्वान आदी) छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकैलहरमा व्यवस्थापन गर्नुपर्नेछ। ठेला प्रयोग गरि राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टल प्रयोग गर्नुपर्नेछ।

(२) माछा, मासु विक्री वितरणको लागि बजारको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नुपर्नेछ। यस प्रकारको उपज विक्रीका लगि पक्कि भुइ ढलान गरिएको, सफा गर्न पानीको प्रवन्ध सहित निकासको व्यवस्था भएको हनुपर्नेछ।

(३) विक्री वितरणको लागि राखिने कृषि बीउविजन विरुवाको हकमा नेपाल सरकारले पञ्जीकृत गरेको हुनुपर्नेछ।

स्पष्टीकरण : माछा, मासु लगायत पकाएका सामग्रीहरु बजारमा राख्न निरुत्साहित गरिनेछ। बजार क्षेत्र भित्र मदिरा, सुर्तीजन्य पदार्थ अखाध वस्तुको प्रयोग, विषादी, विक्री वितरण तथा सेवनमा पूर्णरुपमा निषेध गर्नुपर्नेछ।

२६. विक्रि वस्तु तथा सामग्रीको अनुपात :

(१) हाट बजारको स्टल अनुपात कृषिजन्य र स्थानीय उतपादन ८० प्रतिशत तथा अन्य तयारी सामग्रीको अनुपात २० प्रतिशतको हुनुपर्नेछ।

(२) उत्पादकद्धारा नै विक्रि गर्ने कृषि उपज लगायतका अन्य सामग्रीलाई विशेष प्राथमिकता दिनुपर्नेछ। संख्याको कम्तीमा १० प्रतिशत स्टल यस्ता उत्पादकहरुका लागि आरक्षित गर्नुपर्नेछ।

(३) हाट बजारमा असल अभ्यास वा आइ.पि.एम वा प्राङ्गरीक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम ३ वटा स्टल निशूल्क उपलब्ध गराउनुपर्नेछ।

२७. समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाह : (१) हाट बजार प्रवेशको स्थानमा हाट बजारको नाम तथा परिचय बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्वर प्रस्ट देखिने गरि राख्नुपर्छ।

(२) हाट बजार स्थलमा समितिको कार्यालय पक्ष र हाट बजार सञ्चालन सम्बन्धि सूचना प्रवाह गर्न सूचना पाटीको व्यवस्था गर्नु पर्नेछ।

(३) हाट बजार सञ्चालन हुने प्रत्येक दिन हाट बजारमा विक्रिमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम न्यूनतम मूल्य खुलाई मूल्य सुची सूचना पाटीमा राख्नु पर्नेछ।

## परिच्छेद–५

### कर तथा शुल्क सम्बन्धि व्यवस्था

२८. इजाजतपत्र दर्ता तथा नविकरण शुल्क :

(१) बजार सञ्चालन इजाजतपत्र दर्ता गर्दा रु ५,००० ।– (अक्षरेपी पाँच हजार मात्र) र नविकरण शुल्क रु २,५०० ।– ( दुई हजार पाँच सय मात्र) लागिन्छ। हरेक एक वर्षमा नविकरण गर्नुपर्नेछ। म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण गरेमा रु ३,०००। (तीन हजार मात्र) नविकरण शुल्क लाग्नेछ। म्याद समाप्त भएको मितिले ३० दिन पछि १ वर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क वापत रु ३,००० ।– र जरिवाना वापत रु १,००० ।– (एक हजार) लाग्नेछ । म्याद समाप्त भएको एक वर्ष पछि प्रति वर्ष रु १,००० ।– (एक हजार) जरिवाना लाग्नेछ।

२९. बहाल विटौरी शुल्क :(१) निजी जग्गा भाडामा लिई सञ्चालन गरेको हकमा बहाल कर तथा सार्वजानिक वा एलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर सम्पतीले मासिक रुपमा गाउँपालिकामा दाखिला गर्नुपर्नेछ।

३०. स्टल बहाल प्रकृया : (१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान विक्रि गर्ने वस्तु तथा सामग्री, विक्रिकर्ता (उत्पादक स्वंयम या व्यपारी) आदिको आधारमा भाडा दर निर्धाण गर्न सक्नेछ। यसरी स्टल भाडामा लगाउँदा समितिले प्रत्येक विक्रिकर्ता संग अलग अलग सम्झौता गर्नपर्नेछ।

स्पष्टिकरण : बहाल शुल्क दर निधार्ण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरि शुल्क निधार्ण गर्नुपर्नेछ।

३१. बहाल कर : (१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्क मा तोकिएको बहाल कर मासिक रुपमा समितिले गाउँपालिकामा दाखिला गर्नुपर्नेछ।

## परिच्छेद –६ विविध

३२. बजार अनुगमन :

(१) गाउँपालिकामा हाट बजार अनुगमन तथा नियमनको कार्य गाउँपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख र अनुगमनकार्य सहजताको लागि आवश्यकता अनुसार स्थानीय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्नसक्नेछ।

३३. हाल सञ्चालनमा रहेका हाट बजार सम्बन्धमा :

(१) अनुमति प्रकृया बाहिर रहेका र हाल सञ्चालनमा आइरहेका सबै हाट बजारहरुले निर्देशिका लागु भएको तीन महिन भित्र मापदण्ड पुरा गरि अनुमति लिई सक्नुपर्नेछ । तीन महिनाको समय अपुग भई समितिबाट अनुरोध भई आएमा स्थानीय तहले एक पटक मात्रको लागि बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ।

(२) सो अवधिभित्र तोकिएको मापदण्ड पुरा गरि अनुमती प्रक्रियामा नआएका हाट बजार सञ्चालन गर्न गाउँपालिकाले रोक लगाउनेछ।

३४. बजार खारेजी : हाट बजार सञ्चालक समितिको नाममा रहेको सम्पति र दायित्व फरफराक गरि हाट बजार सञ्चालन खारेजी गर्न सक्नेछ

३५. बाधा अडकाउ फुकाउ :यस निर्देशिका कार्यन्वयनमा कुनै बाधा अडकाउ आएमा गाउँपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

निर्मल राना
अध्यक्ष

अनुसुची –१

हाट बजार स्थल ..............................को व्यवस्थापन तथा सञ्चालनको लागि श्री.......................................... हाट बजार व्यवस्थापन समिति र लालझाडी गाउँपालिका विच भएको "सम्झौता-पत्र"

प्रस्तावना :

खुल्ला तथा बजार मुखी अर्थतन्त्र र मुलुकमा कृषि पेशाको संलग्ता वाट हुने आय बढाउन तथा व्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखी मुलुकका विभिन्न क्षेत्रमा तरकारी, फलफुल, तेलहन, दलहन, मसला वाली, माछा, मासु, जस्ता वस्तुको बजार संरचनामा सुधार गर्ने प्रयास भएको छ । यस्ता बजार सञ्चालन तथा व्यस्थापन स्थानीय निकाय र जनताको सहभागीताबाट मात्र गर्न सकेमा खुल्ला तथा बजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ । यस प्रकृयामा स्थानीय निकायको अहंम भुमीका रहन्छ । यसलाई मद्दत पुऱ्याउन लालझाडी गाउँपालिका तथा यसै साथ संलग्न "हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९" बमोजिम गठित श्री .............................................. हाट बजार सञ्चालक समिति वीच यो सम्झौता-पत्र गरिएको छ । यो सम्झौता-पत्रमा उल्लेखित तपसिलका सवै वुँदा तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिनेछ ।

१. "हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९" अन्तरगत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ ।

२. समितिको गठन तथा कार्यान्वयन : (१) निर्देशिका बमोजिम मिति ..................... गते गठित तपसिल अनुसारको श्री .............................................. हाट बजार सञ्चालन समितिको सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल वदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिनेछ ।

सञ्चालक समितिका अध्यक्ष तथा सदंस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्मल राना
अध्यक्ष

३. भौतिक संरचना : समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा समितिले अगरीम रुपमा सोको स्वीकृती गाउँपालिकाबाट लिनु पर्नेछ।

४. समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण : समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ।

थ. सम्झौता भंग गरी उपयोग गर्ने गाउँपालिकाको विशेष अधिकार : यो सम्झौतामा अन्यत्र जे सुकै लेखिए भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पतिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा हाट बजारको व्यवस्था र सञ्चालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पति आफ्नो कब्जामा लिई छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्ने छ।

६. समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसूची २ मा, समितिले प्रयोग गर्ने प्याडको नमूना अनुसुची ३ मा समितिले प्रयोग गर्ने साइनवोर्डको नमूना अनुसुचि ४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पति सामग्रीहरुको विवरण अनुसुची ५ बमोजिम हुनेछ।

७. हस्ताक्षर कर्ता ः

हस्ताक्षर :–..................................
नाम :–......................................
हाट बजार सञ्चालक समिति
(...................) तर्फबाट
(समितिको अध्यक्ष)

हस्ताक्षर :– ..................................
नाम :–......................................
लालझाडी गाउँपालिकाको तर्फबाट

साक्षी :
समितिको तर्फबाट बजार व्यवस्थापक/सदस्य सचिव

हस्ताक्षर: – ............................
नाम: – ................................

साक्षी :
लालझाडी गाउँपालिकाको तर्फबाट

हस्ताक्षर :– ............................
नाम :– ................................

सम्झौता सम्पन्न मिति २०...........।...........।........... रोग ............ शुभम ...............।

निर्मल राना
अध्यक्ष

अनुसुचि –३
समितिले प्रयोग गर्ने प्याडको नमूना

..............हाट बजार सञ्चालक समिति

......................................

नेपाल

........Haat Market Management Committee

..............................................

Nepal

(लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट स्वीकृत)

---

प.सं. : मिति:

विषय :

निर्मल राना
अध्यक्ष

अनुसुची –४

समितिले प्रयोग गर्ने साइन बोर्डको नमूना

हाट बजार स्थल

..................................................

(Haat Market........................)

श्री .............................................. हाट बजार सञ्चालक समितिद्धारा संचालित

(लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत)

अनुसुची –५ भौतिक सम्पति/सामग्री

श्री ....................................................... हाट बजार सञ्चालक समितिले प्रयोगं गर्ने भौतिक सम्पति/सामग्रीहरुको विवरण

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

निर्मल राना
अध्यक्ष

## अनुसुची –६
## इजाजत दर्ता प्रमाण पत्रको लगि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कन्चनपुर

विषयः हाट बजार सञ्चालन इजाजत पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा लालझाडी गाउँपालिका वडा नं...............मा श्री........................................... हाट बजार सञ्चालक समितिद्धारा हाटबजार सञ्चालन गर्नको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौ ।

संलग्न कागजातहरु

१. सञ्चालन गर्ने व्यक्ती वा संस्थाको परिचय खुल्ने कागजातहरु

क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि

घ. संस्थाको निर्णयको प्रतिलिपि

ङ. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि

च. करचुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि

३.संघियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का

४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र

५. पुर्वधारको स्वीकृत डिजाईन

निवेदक
नाम थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सम्पर्क नम्वर :
संस्थाको छाप :

निर्मल राना
अध्यक्ष

## अनुसुचि –७
## इजाजत पत्र नविकरणको लगि पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कन्चनपुर

विषयः इजाजत दर्ता प्रमाणपत्र नविकरण सम्बन्धमा।

प्रस्तुत विषयमा लालझाडी गाउँपालिकामा मिति .................. गते यस श्री .................................... हाट बजार सञ्चालक समिति दर्ता भई सञ्चालन हाट बजार सञ्चालन गर्दै आएको हुँदा हाट बजार सञ्चालक निरन्तरताको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाणपत्र नविकरण गराईदिनु हुन अनुरोध गर्दछौ।

संलग्न कागजातहरु

१. सञ्चालन गर्ने व्यक्ती वा संस्थाको परिचय खुल्ने कागजातहरु
क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
ग. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि
घ. संस्थाको निर्णयको प्रतिलिपि
ङ. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
च. करचुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएको करार सम्झौताको प्रतिलिपि
३.संघियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
५. पुर्वधारको स्वीकृत डिजाईन

निवेदक
नाम थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सम्पर्क नम्वर :
संस्थाको छाप :

अनुसुची –८

हाट बजारको भौतिक संरचना एवं विन्यास (Layout) को नमूना

निर्मल राना
अध्यक्ष

अनुसुची –९

हाट बजार सञ्चालन इजाजत प्रमाणपत्रको ढाँचा (अगाडी)

लालझाडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कन्चनपुर

| | |
|---|---|
| साविक दर्ता नं. | |
| दर्ता मिति | |
| दर्ता संस्था | |

| |
|---|
| सञ्चालक समितिको छाप |

बजार दर्ता नं. :

जारी मिति :

श्री ...............................................

......................................................

विषय : हाट बजार सञ्चलान इजाजत पत्र प्रदान गरिएको ।

तपाई श्री ........................................... हाट बजार सञ्चालक समितिले लालझाडी गाउँपालिका वडा नं. ........... मा सञ्चालन हुने ..................................................... हाट बजार सञ्चालन गर्न इजाजत पत्र दर्ताको लागि मिति ................................ मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजत पत्र प्रदान गरिएको छ ।

आफ्नो कारोवारको मासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक १ वर्षमा अनिवार्य नविकरण गराउनु हुन समेत अनुरोध छ ।

..............................

शाखा प्रमुख

........................................

प्रमुख प्रशासकीय अधिकृत

सञ्चालक समितिको नाम :

ठेगाना :

अध्यक्ष वा प्रोपाईटर :

नागरिकता नं. :

ठेगाना :

फोन नं. :

अनुसुची –१०

हाट बजार सञ्चालन इजाजत प्रमाणपत्रको ढाँचा (पछाडी) नविकरण सम्बन्धि विवरण

हाट बजारको नाम.............................................ठेगाना ........................................

सञ्चालक समितिको नाम .............................................

| नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क रसिद नं. | नविकरण गर्नेको सहि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्मल राना
अध्यक्ष